# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः .............
च.नं.: .................

मितिः २०७९/०४/०६

## एलएल.बी. तह २०७७/०७८ समूह प्रथम वर्षमा भर्ना सम्बन्धी सूचना ।

त्रि.वि. कानून संकायद्धारा एलएल.बी. तह २०७७/०७८ समूहको प्रथम वर्षमा भर्नाका लागि मिति २०७९/०२/२१ गते सञ्चालित प्रवेश परीक्षाको मिति २०७९/०३/१७ गते प्रकाशित नतिजाका सम्बन्धमा कुनै परीक्षार्थीले प्राविधिक त्रुटि औंल्याई सम्बन्धित विद्यार्थी स्वयम् उपस्थित भई निवेदन गरेमा सम्बन्धित क्याम्पस/कलेजबाट नै उक्त निवेदन उपर अभिलेख अनुसार उचित सम्बोधन गर्नु भनि निर्देशन भए बमोमिज यस क्याम्पसबाट समावेशी कोटा सहित ६०० (छ सय) स्थानका लागि प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरुको प्रकाशित नतिजाका सम्बन्धमा कुनै प्राविधिक त्रुटि भएमा सच्याउन निवेदन दिन मिति २०७९/०३/१९ गते सात दिनको म्याद राखि सूचना प्रकाशित गरिएकोमा निर्धारित अवधिमा प्राप्त निवेदन माथि छानविन गरी त्रि.वि. कानून संकाय डीनको कार्यालयबाट च.नं. ०४/०७९/०८०, मिति २०७९/०४/०५ गते प्राप्त पत्र अनुसार पुनर्योग पछिको अन्तिम नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त नतिजाको योग्यताक्रम (Merit List) को आधारमा **सि.नं. १ देखि ५८६ सम्मका परीक्षार्थी, सि.नं. ५९१, ५९९, ७०४, ८५१, ८५४, ८९६ र १०७० का महिला परीक्षार्थी, सि.नं. ११८० का आदिवासी जनजाति परीक्षार्थी, सि.नं. ८५३ र ९३३ को मधेशी परीक्षार्थी, सि.नं. १०७२ का अपाङ्गता भएका परीक्षार्थी, सि.नं ८३७ र ११३८ का अन्य परीक्षार्थी र सि.नं. ११९९ का त्रि.वि. कर्मचारी परिवारका परीक्षार्थी**हरूलाई तपसिल बमोजिम भर्नाको लागि सूचित गरिन्छ । पुनर्योग पछिको अन्तिम नतिजाको योग्यताक्रम (Merit List) बमोजिम भर्नाका लागि छनौट भएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्रमा भर्ना नगरी स्थान रिक्त हुन आएमा रिक्त स्थानका लागि योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुलाई भर्नाका लागि अर्को सूचना प्रकाशित गरिने छ । साथै पुनर्योग पछिको अन्तिम नतिजा नेपाल ल क्याम्पसको वेवसाइट www.nlc.edu.np मा हेर्न सकिने व्यहोरा अनुरोध छ ।

### तपशील

| | | |
|---|---|---|
| १ | **भर्ना मिति :** | **मिति २०७९ श्रावण ८ गते देखि २०७९ श्रावण २६ गतेसम्म** |
| २ | **भर्ना समय :** | विहान १०:३० देखि दिउँसो २:०० बजेसम्म मात्र । |
| ३ | **कक्षा सञ्चलान :** | पछि सूचना प्रकाशित गरिने छ । |
| ४ | **भर्ना शुल्क :** | ११,२५०।- (एघार हजार दुई सय पचास मात्र) |
| ५ | **रकम जम्मा गर्नु पर्ने बैंक** | नेपाल बैंक लिमिटेडका जुनसुकै शाखाहरु |
| ६ | **खाता नं.** | २१७००१००१९२४७२००००१, नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं |
| ७ | **संलग्न गर्नु पर्ने कागजात:** • शैक्षिक प्रमाणपत्र (एस.एल.सी. देखि स्नातक तह उत्तीर्ण गरेको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र) को नोटरी पब्लिकबाट प्रमाणित छाँयाप्रति १/१ प्रति, • नेपाली नागरिकताको प्रमाणपत्र को नोटरी पब्लिकबाट प्रमाणित छायाँप्रति १ प्रति, • हालसालै खिचिएको ४ प्रति पासपोर्ट साइजको फोटो, • नेपाल बैंकमा रकम जम्मा गरेको बैंक भौचर, • त्रि.वि. बाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक गर्नेहरुको हकमा सम्बन्धित विश्वविद्यालय/शिक्षण संस्थाले प्रदान गरेको सक्कल माइग्रेसन प्रमाण-पत्र र समकक्षता (Equivalent) खुल्ने कागजातको प्रमाणित छायाँप्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । • भर्ना सम्बन्धी अन्य आवश्यक जानकारी परीक्षा शाखाबाट प्राप्त गर्न सकिनेछ । | |
| ८ | पोशाक : यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरुले कालोकोट र क्याम्पसले प्रदान गरेको क्याम्पसको लोगो अनिवार्य रुपमा लगाउनु पर्नेछ । | |
| ***पुनश्चः प्रकाशित नतिजा बमोजिम भर्नाका लागि छनौट भएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्रमा भर्ना नगरेमा भर्नाका लागि दावि गर्न पाउने छैनन् ।*** | | |

.................क्याम्पस प्रमुख
डा. डि.एन.पराजुली
क्याम्पस प्रमुख